बकैया गाउँकार्यपालिकाको मिति २०७८।०२।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. योजनाहरुको कार्यान्वयन तथा म्याद थप सम्बन्धमाः-

बकैया गाउँकार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०७७।७८ मा ठेक्का मार्फत तथा उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी सम्झौता भई सञ्चालन भईरहेका तथा तोकिएको मितिभित्र सम्पन्न हुन नसकेका विभिन्न योजनाहरुको लागि २०७८ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

२. आगामी आ.व. २०७८/७९ को बजेट तयारी सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा आगामी आ.व. २०७८/७९ को बजेट तयारीका लागि तपशिल वमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | राजश्व परामर्श समितिको प्रतिवेदन पेश | २०७८।०३।०२ भित्र | |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठक र सीमा निर्धारण | २०७८।०३।०५ भित्र | |
| ३ | वडास्तरमा योजना छनौट | २०७८।०३।०७ भित्र | |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक र छलफल, बजेट तयारी | २०७८।०३।०८ भित्र | |
| ५ | कार्यपालिका वैठकमा नीति तथा कार्यक्रम पेश गर्ने | २०७८।०३।०९ गते | |
| ६ | वार्षिक नीति तथा कार्यक्रम सार्वजानिकीकरण | २०७८।०३।१० गते | विहान ११:०० बजे |
| ७ | प्राथमिकीकरण भएका वडाका योजना तथा कार्यक्रमहरु/विषयगत समितिका प्रतिवेदन योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | २०७८।०३।२० गते | |
| ८ | विषयगत समितिको छलफल, अन्य सरोकारवालाहरुसँग छलफल | २०७८।०३।२२ गते | |
| ९ | कार्यपालिका वैठकमा वजेट पेश गर्ने | २०७८।०३।२९ गते | |
| | बजेट सार्वजनिकरण | २०७८।०३।३० गते | विहान ११:०० बजे |

३. आगामी आर्थिक वर्ष २०७८।७९ का लागि बजेट सिलिङ्ग तोक्ने सम्बन्धमाः-

प्रस्तुत विषयमा आगामी आर्थिक वर्षको बजेट सम्वन्धमा छलफल गर्दा प्रत्येक वडालाई आगामी आर्थिक वर्ष २०७८।७९ का लागि वडागत बजेट छनौट तथा तर्जुमा गर्ने प्रयोजनका लागि चालु आ व २०७७।७८ वमोजिम नै तपशिल वमोजिमको वडास्तरीय बजेट सिमा उपलब्ध गराउने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँढे, मकवानपुर

Scanned with CamScanner

| वडा नं | वडास्तरीय बजेट सिमा |
|---|---|
| १ | ५० लाख |
| २ | ५० लाख |
| ३ | ५० लाख |
| ४ | ५० लाख |
| ५ | ५० लाख |
| ६ | ६५ लाख |
| ७ | ६५ लाख |
| ८ | ५० लाख |
| ९ | ५० लाख |
| १० | ५० लाख |
| ११ | ५० लाख |
| १२ | ५० लाख |

४. योजना छनौटको लागि प्राथमिकताको आधार तथा मार्गदर्शन सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाकाको आगामि आर्थिक वर्ष २०७८।७९ को वजेट तर्जुमा गर्नु पुर्व वडा कार्यालयहरुले कोभिड १९ को संक्रमणको अवस्थालाई मध्यनजर गरी भौतिक दुरी तथा स्वास्थ्य मापदण्डको पालना गर्दै सम्बन्धित वडाका टोल तथा वस्तीहरुमा गई योजना संकलन गर्न तथा वडा समितिवाट गाउँपालिकामा योजना सिफारिस गरि पठाउन तपशिल वमोजिमको योजना प्राथमिकताका आधार तथा मार्गदर्शन तय गर्ने निर्णय गरियो ।

आ व २०७८।७९ को योजना छनौटको लागि प्राथमिकताका आधार तथा मार्गदर्शनहरु

१. साना र टुक्रे आयोजनालाई निरुत्साहित गरी नतिजा देखिने खालका ठुला आयोजना छनोट गर्नुपर्नेछ। विषेश परिस्थितिमा बाहेक कम्तिमा ३ लाख सम्मका आयोजनाहरु छनौट गर्नुपर्नेछ ।
२. वडा समितीले आयोजना छनौट गर्दा वडा भित्रका वस्तीहरुलाई भौगोलिक अवस्थीती, जनसंख्या, यातायतको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सवै नागरिकलाई भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ।
३. वस्ती तथा टोल स्तरको आयोजना छनोटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।
४. वस्ती तथा टोल स्तरको आयोजना छनौटमा राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका संस्थाहरु, आमा समुहहरु, बाल क्लवहरु आदिको सक्रिय सहभागीता गराउनु पर्नेछ ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी(?), मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

५. वस्ती स्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको सूची तयार पारी वडा समितीमा पेश गर्नुपर्नेछ ।

६. वडा समितीले वडा भेला मार्फत आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्र समेत छुट्याइ प्राथमिकीकरण गरी गाउँकार्यपालिकामा सिफारीस गरी पठाउनुपर्नेछ ।

७. वडा समितीले आयोजनाहरु सीफारीस गरी पठाउँदा वडागत सिलिङ बाट सम्पन्न हुन नसक्ने खालका बढीमा ५ वटा ठुला आयोजनाहरु गाउँपालिकास्तरबाट संचालन र बजेट विनियोजन हुने गरी सिफारिस गरी पठाउन सक्नेछ ।

८. वडा समितिले आयोजना सिफारिस गरि पठाउँदा पुर्वाधार विकास शिर्षकमा वडागत सिलिङ रकमको कम्तिमा ५० प्रतिशत रकम हुने गरि सिफारिस गर्नुपर्नेछ ।

९. तपशिल बमोजिमका योजनाहरुलाई प्राथमिकता दिएर योजनाहरु सिफारिश गर्नुपर्नेछ ।

क. आर्थिक विकास र गरिवी निवारणमा प्रतक्ष्य योगदान पुर्याउनेयोजनाहरु

ख. छिटो प्रतिफल प्रास हुने खालका योजनाहरु

ग. आम्दानी र रोजगारी वृद्दि गर्ने  खालका योजनाहरु

घ. आम जनताको लागत सहभागिता जुट्ने खालका योजना तथा लागत कम लाग्ने योजनाहरु

ङ. स्थानीय साधन र स्रोतको अधिकतम प्रयोग हुने खालका योजनाहरु

च. लैङ्गिक समानता तथा समावेशी विकासमा योगदान पुर्याउने किसिमका योजनाहरु

छ. दीगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने किसिमका योजनाहरु

ज. स्थानीय भाषिक साँस्कृतिक विकासमा टेवा पुर्याउने किसिमका योजनाहरु

झ. यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु

ञ. प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु

ट. स्थानीय पर्यटन प्रवर्दनमायोगदान पुर्याउने किसिमकायोजनाहरु

ठ. चालु आ व मा सुरु गरिएका तर बजेट अपर्याप्तताको कारण सम्पन्न हुन नसकेका योजनाहरु

**५. प्रकोप व्यवस्थापन कोष सम्बन्धमा :-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको विपद व्यवस्थापन शिर्षकमा चालु आर्थिक बर्षमा रु. ५०,००,०००।- विनियोजन गरिएकोमा  उक्त शिर्षकबाट विभिन्न समयमा तारजाली खरिद बापतको भुक्तानी, एम्बुलेन्स प्रयोग बापत भाडा रकम भुक्तानी, क्वारेन्टाइन तथा आइसोलेसन कक्षमा खाना तथा मर्मत खर्चको भुक्तानी, विभिन्न समयमा कोभिड संक्रमण नियन्त्रणका लागि आवश्यक सामाग्रीहरु खरिद लगायतका खर्चहरुको क्रममा जम्मा रु. ४८,४२,००८।- खर्च भई उक्त शिर्षकमा रु.१,५७,९९२।- मौज्दात रहेकोमा बागमती प्रदेश सरकारबाट कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा थप प्रभावकारिता वृद्धि गर्नका लागि रु. ५,००,००० रकम निकासा भएकोमा हाल विपद व्यवस्थापन शिर्षकमा जम्मा रु. ६,५७,९९२।- रकम रहेकोमा कोरोना रोकथामका लागि पछिल्लो

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

समयमा भएका विभिन्न खर्चहरुको भुक्तानी र आगामी दिनमा समेत आवश्यक व्यवस्थापनका लागि ठेक्का बाट बचेको रकमहरु मध्य रु. ५०,००,०००।- विपद प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**६. विविध पूर्वाधार निर्माण शिर्षकमा बजेट व्यवस्थापन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गत वर्षदेखि संचालित महेन्द्र माद्यामिक विद्यालयको भवन निर्माण, जुरेली खानेपानी योजना, विभिन्न वडा स्वास्थ्य भवनहरु लगायत शिर्षकमा बजेट व्यवस्थापन नभएकोमा विविध पुर्वाधार निर्माण शिर्षकबाट नै रकम भुक्तानी गरिएकोमा महेन्द्र माविको भवन निर्माण लगायतको भुक्तानीका लागि ठेक्का बाट बचेको रकमबाट रु. ५०,००,०००।- विविध पूर्वाधार निर्माण शिर्षकमा रकमान्तर गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै आन्तरिक श्रोत तर्फ पर्याप्त वजेटको अभाव रहेको हुँदा आन्तरिक श्रोत विविध पूर्वाधार निर्माण अन्तर्गतको भुक्तानी समानीकरण अनुदान अन्तर्गतको विविध पूर्वाधार निर्माण शिर्षकबाट गर्ने निर्णय गर्दै आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**७. खानेपानी पाईप खरिद सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खानेपानी व्यवस्थापनको लागि रु. ३०,००,०००।- विनियोजन गरिएकोमा बढीमा रु. २०,००,०००।- रकमबाट सिमित अवधिलाई मध्यनजर गर्दै खानेपानी पाईप कोटेशन मार्फत खरिदका लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**८. तारजाली खरिद सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा नजिकिँदो बर्षातको मौसम र जोखिमयुक्त क्षेत्रका नागरिकहरुको मागलाई मध्यनजर गर्दै सम्भावित बाढी पहिरोबाट हुने जोखिमलाई न्यूनिकरण तथा विपद व्यवस्थापनका लागि गाउँपालिकाको विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी हुने गरि तारजाली खरिद गर्ने निर्णय गरियो ।

**९. हात्तीसुँडे बसन झोलुङ्गेपुल निर्माणका लागि बजेट व्यवस्थापन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा हात्तीसुँडे बसन झोलुङ्गे पुलको लागि नेपाल सरकारबाट गत आर्थिक वर्षमा रु. ४०,००,०००।- उपलब्ध गराईएकोमा सो आर्थिक वर्षमा पुल निर्माण कार्य शुरु नभएको र चालु आर्थिक वर्षमा गाउँपालिकाले व्यहोर्ने गरि जम्मा रु. १०,००,०००।- को व्यवस्थापन गरिएको र नेपाल सरकारबाट चालु आर्थिक वर्षमा रु. ३०,००,०००।- प्राप्त भएको तर गत वर्षको रकम अ.ल्या. गरि नल्याईएकोमा उक्त २०,००,०००।- र चालु आर्थिक वर्षमा भुक्तानीको लागि ठेक्का बाट बचेको रकमबाट हात्तीसुँडे बसन झोलुङ्गे पुल शिर्षकमा रकमान्तर गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**१०. मानव सेवा आश्रमलाई सहयोग सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा विगतका वर्षहरुमा मानव सेवा आश्रमलाई यस गाउँपालिकाबाट आर्थिक सहयोग गरिएकोमा यस आर्थिक वर्षमा पनि रु. १,००,०००।- आर्थिक सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

**११. समर्थन माग गर्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गत आर्थिक वर्ष २०७६।७७ मा प्रदेश समपुरक कोषबाट सञ्चालित तपशिल बमोजिमका योजनाहरुमा ठेक्काबाट बचत रकमबाट ठेक्काकै दरमा थप कार्य गरिएकोमा सो को लागि बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसङ्ग समर्थन माग गर्ने निर्णय गरियो ।

१. गोठखोला थली सडक

२. सुधा ज्यामिरे गढवान सडक

३. दोभान सानोहाँडी सडक

साथै चालु आर्थिक वर्ष २०७७।७८ मा प्रदेश समपुरक कोष तथा सशर्त अनुदानबाट कार्य भईरहेका तपशिल बमोजिम योजनाहरुको ठेक्काबाट बचत रकमबाट थप कार्य गर्ने प्रायोजनार्थ सो को लागि बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसङ्ग समर्थन माग गर्ने निर्णय गरियो ।

प्रदेश समपुरक कोषबाट सञ्चालित

१. श्रीपुर सुधा गडवान सडक

२. हात्तीसुँडे शिखरपुर मन्थली सडक स्तरोन्नती

३. भिमसेनदमार कालीदमार ठिंगन सडक स्तरोन्नती

प्रदेश सशर्त अनुदानबाट सञ्चालित

१. खोरभन्ज्याङ कोलखोप मोटरबाटो बकैया १२

२. पुरानो टोल जमुनाफेदी सरस्वती मोटरबाटो बकैया २

३. चम्पाखहरे पुच्छार पुल साईड खहरे नियन्त्रण बकैया ३

४. धनेश्वर चिल्ड्रेन पार्क बकैया ७

**१२. नेपाल सरकार सशर्त अनुदान जलस्रोत तथा सिंचाई उपक्षेत्र अन्तर्गतको बजेट कार्यान्वयन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारबाट चालु आर्थिक वर्षका लागि सशर्त अनुदान जलस्रोत तथा सिंचाई उपक्षेत्र अन्तगर्त नीतिगत, प्रशासनिक तथा व्यवस्थापन खर्च शिर्षकमा रु. १,००,०००।-, बायोग्यास जडान शिर्षकमा रु. २,००,०००।-, सुधारिएको चुलो (बायोमास) प्रविधि जडान शिर्षकमा रु. २,००,०००।-, सौर्य ऊर्जा प्रविधि जडान शिर्षकमा रु. ३,००,०००।- प्राप्त भएकोमा उक्त कार्यहरु हालसम्म नभएकोमा समय अभाव लगायत प्राविधिक दृष्टिकोणले गर्न असम्भव भएको तथा नागरिकहरुको माग बमोजिम तपशिल बमोजिम नविकरणीय उर्जा सम्बन्धि नै कार्यहरु गर्नु पर्ने आवश्यकता रहेकोले ऊर्जा, जलस्रोता तथा सिंचाई मन्त्रालयको "स्थानीय तहका लागि नवीकरणीय/वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन" अनुसार तपशिल बमोजिमका कार्य गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

तपशिल

| साविक क्रियाकलाप | संशोधित क्रियाकलाप |
|---|---|
| नीतिगत, प्रशासनिक तथा व्यवस्थापन खर्च रु. १,००,०००।-<br>बायोग्यास जडान रु. २,००,०००।-<br>सुधारिएको चुलो (बायोमास) प्रविधि जडान रु. २,००,०००।- | सुधारिएको चुलो (बायोमास) प्रविधि जडान रु. ५,००,०००।- |
| सौर्य ऊर्जा प्रविधि जडान रु. ३,००,०००।- | रुप्सेखोला पेल्ट्रीक सेट निर्माण योजना रु. ३,००,०००।- |

**१३. स्वास्थ्य संस्था भवन निर्माण सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा विभिन्न ७ स्थानहरुमा स्वास्थ्य संस्था नभएकोले नेपाल सरकारद्वारा वडा स्वास्थ्य भवन निर्माणको कार्य अगाडी बढाएको तर समुदायको आवश्यकता अनुसारको भवनको कार्य पुर्ण नभएकोले सम्बन्धित वडा समिती र स्वास्थ्य संस्था व्यवस्थापन समितीको माग बमोजिम संघीय सरकारले उपलब्ध गराएको बजेट अनुसार तपशिल बमोजिम कार्य गर्नका लागि लगत अनुमान सहित सम्बन्धित स्वास्थ्य संस्थाको नाममा रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | गर्नुपर्ने कार्यको विवरण |
|---|---|---|
| १ | हात्तीसुँडे आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |
| २ | राजदमार आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |
| ३ | जुईना आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माणको अधुरो काम पुरा गर्ने |
| | | स्वास्थ्य संस्था घेराबार |
| | | ईनार निर्माण लगायत |
| ४ | भिरकोट आधारभूत आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |
| ५ | बस्तीपुर आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |
| ६ | मन्थली स्वास्थ्य चौकी | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |
| ७ | सिमात आधारभूत स्वास्थ्य सेवा केन्द्र | वडा स्वास्थ्य भवनको माथी ट्रस्ट निर्माण |

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**१४. कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकारद्वारा कोभिड-१९ को महामारीको समयमा कोभिड रोकथाम र उपचारका लागि आईसोलेसन लगायत स्वास्थ्यसंस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि प्रोत्साहनको नीति लिएकोमा गाउँपालिकाले समेत सो नीतिको अवलम्बन गर्दै प्रोत्साहन सुविधा उपलब्ध गराउनका लागि कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा रु. ८,००,०००।- रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

**१५. आमा सुरक्षा कार्यक्रमको नपुग रकम भुक्तानी सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई सुत्केरी प्रोत्साहन, यातायात लगायतका खर्च हुने रकम संघीय सरकारबाट प्राप्त भए अनुसार अपुग हुने भएकाले अपुग रकम बालमैत्री कार्यक्रमको बालकोष शिर्षकबाट र सुरक्षित प्रसुतीको लागि एम्बुलेन्स खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**१६. कर्मचारी व्यवस्थापन सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा गत आर्थिक वर्षमा नेपाल सरकारको अनुदानमा ५ शैयाको कोभिड अस्पताल सञ्चालन गरिएको र कोभिडका विरामी नभएकोले बन्द गरिएकोमा हाल छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा कोभिड अस्पताल तथा आइसोलेसन कक्ष संचालनमा रहेकोले विगतमा कोभिड अस्पतालमा कार्यरत नर्सिङ्ग स्टाफ श्री संगीता ज्ञवालीलाई २०७८ जेठ १ गतेदेखि सोही कामका लागि खटाइएकोमा निजलाई करार सेवा शुल्क शिर्षकबाट भत्ता वितरण हुने गरि जेठ १ देखि लागु हुने गरि करार सेवामा नियुक्ती गर्ने निर्णय गरियो ।

**दामोदर खनाल**
**अध्यक्ष**

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामीडाँडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner